# गैरसरकारी संस्था सहजिकरण कार्यविधि¸२०७५

**जिल्ला समन्वय समिति¸ रसुवा**

**२०७५ भाद्र**

# गैरसरकारी संस्था सहजिकरण कार्यविधि, २०७५

संघीय तथा प्रादेशिक सरकार वा अन्तर्गतका निकायहरुमा दर्ता भई रसुवा जिल्लामा कार्यक्रम सञ्चालन गर्न अनुमति लिएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुका गतिविधिहरुलाई पारदर्शी, मर्यादित, जनताप्रति जवाफदेही र स्थानीय सरकारप्रति उत्तरदायी, व्यवस्थित र प्रभावकारी बनाई सरकारी-निजी-गैरसरकारी क्षेत्रबीचको सामञ्जस्यतामा विकास तथा निर्माणका कार्यलाई व्यवस्थित गर्न,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२ (४) ले दिएको अधिकार प्रयोग गरी रसुवा जिल्लाको दोस्रो जिल्लासभाबाट गैरसरकारी संस्था सहजिकरण कार्यविधि, २०७५ जारी गरिएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः(१) यो कार्यविधिको नाम गैरसरकारी संस्था सहजिकरण कार्यविधि, २०७५ रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क)"सरकारी कार्यालय" भन्नाले रसुवा जिल्लामा नेपालको संविधान तथा सो अन्तर्गत बनेका अन्य कानूनद्वारा स्थापना गरिएका कार्यालयहरु, संघीय तथा प्रार्देशिक सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका जिल्लास्थित कार्यालयहरु, स्थानीय सरकारका कार्यालयहरु र नेपाल सरकारको आर्थिक तथा व्यवस्थापकीय स्वामित्व एवम् नियन्त्रण रहेका अन्य कार्यालयहरुलाई जनाउँछ।

(ख)"गैरसरकारी संस्था" भन्नाले रसुवा जिल्लालाई कार्यस्थल बनाई यस जिल्लाको पूर्वाधार, सामाजिक, आर्थिक तथा साँस्कृतिक विकासका लागि प्रचलित कानून बमोजिम गैरसरकारी वा सामुदायिक वा सामाजिक वा साँस्कृतिक संस्थाको रुपमा दर्ता भएका गैरनाफामूलक संस्था/कम्पनी/सामुदायिक संस्थाहरुलाई जनाउँछ ।

(ग)"कार्यक्रम" भन्नाले रसुवाली जनताको आर्थिक, सामाजिक तथा साँस्कृतिक समृद्धिका लागि सरकारी, गैरसरकारी तथा निजी क्षेत्रद्वारा सञ्चालन गरिएका वा भविश्यमा सञ्चालन गरिने

पूर्वाधार विकास, क्षमता अभिवृद्धिमूलक, आय अभिवृद्धि र स्वरोजगारी एवम् रोजगारीमूलक कार्यक्रमहरु, सीप विकास र सचेतनामूलक विकासका कृयाकलापहरुलाई बुझिन्छ ।

(घ)"सहजिकरण" भन्नाले रसुवा जिल्लालाई कार्यक्षेत्र बनाई खण्ड (ग) मा उल्लेख गरेअनुरुपका कार्यक्रम सञ्चालन गर्न प्रस्ताव पेश गरेका गैरसरकारी संस्थाहरु र सम्बन्धित सरकारी कार्यालयहरुद्वारा सञ्चालन गरिने कार्यक्रममा सामञ्जस्यता ल्याई दफा (४) बमोजिमको समितिबाट कार्यक्रम कार्यान्वयन गर्न स्वीकृति प्रदान गर्ने वा नगर्ने कार्यलाई बुझ्नुपर्दछ।साथै यो शव्दले स्वीकृत कार्यक्रम कार्यान्वयन गर्न कुनै गैरसरकारी संस्थालाई कुनै प्रकारको बाधाव्यवधान उत्पन्न भएमा वा हुन सक्ने अवस्था श्रृजना भएमा सो समाधानका लागि जिल्ला समन्वय कार्यविधि, २०७५ बमोजिम अवलम्बन गरिने प्रकृयालाई समेत बुझाउँछ।

(ङ)"सचिवालय" भन्नाले दफा (४) को उपदफा (२) बमोजिमको समितिको सचिवालयलाई बुझ्नुपर्दछ।

**(३)गैरसरकारी संस्था दर्ता तथा नविकरणः**(१) रसुवा जिल्लामा कार्यक्रम गर्ने गैरसरकारी संस्था प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक नेपाल सरकार वा प्रादेशिक सरकारका तोकिएका कार्यालयमा अनिवार्य रुपमा दर्ता तथा नविकरण भएको हुनुपर्नेछ।

(२)उपदफा (१) बमोजिमको गैरसरकारी संस्थाले प्रचलित कानूनबमोजिम नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय सरकारलाई तिर्नुपर्ने कर वा अन्य शुल्क बुझाएको हुनुपर्नेछ।वा करदाता सेवा कार्यालयबाट कर तिर्नु नपर्ने संस्थाको रुपमा प्राप्त गरेको प्रमाणपत्र पेश गर्नुपर्नेछ।

(३) यो कार्यविधि जारी हुँदाका वखत रसुवा जिल्लामा कार्यरत गैरसरकारी संस्थाहरुले यस दफा बमोजिमको रीत पुर्याए/नपुर्याएको सम्बन्धमा जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय र सम्बन्धित गाउँपालिकाले संयुक्त रुपमा अनुगमन गर्नसक्नेछन्।

(४)उपदफा (३) बमोजिम कार्यक्रम स्वीकृतिको लागि निवेदन पेश गर्दा उक्तानुसारका प्रमाणहरु जुटाउने दायित्व सम्बन्धित गैरसरकारी संस्थाको हुनेछ।

(५) दफा (४) बमोजिमको गैरसरकारी संस्था सहजिकरण समितिको सचिवालयले रसुवा जिल्लालाई कार्यस्थल बनाई विभिन्न कार्यक्रमहरु सञ्चालन गरिरहेका गैरसरकारी संस्थाहरुको विस्तृत विवरण (Profile) बनाई अद्यावधिक रुपमा सार्वजनिक गर्नुपर्नेछ।

**(४)गैरसरकारी संस्थाको सहजिकरण तथा स्वीकृतिः** (१) प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक नेपाल सरकार वा प्रार्देशिक सरकारका तोकिएका कार्यालयमा दर्ता तथा नविकरण भएका गैरसरकारी संस्थाले रसुवा जिल्लामा कार्यक्रम गर्नुपूर्व उपदफा (३) बमोजिमको सहजिकरण समितिबाट अनिवार्य रुपमा स्वीकृति लिनुपर्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि रसुवा जिल्लामा कार्यक्रम सञ्चालन गर्नको लागि सम्बन्धित गैरसरकारी संस्थाले जिल्ला समन्वय समितिको कार्यालयमा देहाय बमोजिमका कागजातहरु सहित निवेदन दिनुपर्नेछः

क. संस्था दर्ता र नविकरण गरेको प्रमाणपत्र

ख. करचुक्ता प्रमाणपत्र

ग. आर्थिक स्रोत प्राप्तिको विवरण

घ. समाज कल्याण परिषदसँगको आवद्धता

ङ. दातृ संस्थासँगको सम्झौतापत्र

च. संस्थामा कार्यरत जनशक्तिको विवरण

(३)यस दफा बमोजिम रसुवा जिल्लामा गैरसरकारी संस्थाहरुको सहजिकरणका लागि देहाय बमोजिमको एक जिल्ला गैरसरकारी संस्था सहजिकरण समिति रहनेछः-

क. जिल्ला समन्वय समितिका प्रमुख ---- अध्यक्ष

ख. कार्यक्रम सञ्चालन गरिने गाउँपालिकाका अध्यक्ष ---- सदस्य

ग. जिल्ला समन्वय अधिकारी ---- सदस्य

घ. प्रमुख जिल्ला अधिकारीले तोकेको अधिकृत प्रतिनिधि ---- सदस्य

ङ. कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख ---- सदस्य

च. गैरसरकारी संस्था महासंघ जिल्ला शाखाका प्रतिनिधि ---- सदस्य

छ. जिल्ला समन्वय समितिका अधिकृत प्रतिनिधि ---- सदस्य-सचिव

(४)जिल्ला गैरसरकारी संस्था सहजिकरण समितिको बैठक आवश्यकता अनुसार समितिको सचिवालय रहने जिल्ला समन्वय समितिको कार्यालयमा बस्नेछ।

(५)सहजिकरण समितिको काम कर्तव्य र अधिकारः (१) गैरसरकारी संस्था सहजिकरण समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क. गैरसरकारी संस्थालाई रसुवा जिल्लामा कार्यक्रम सञ्चालन गर्न स्वीकृति दिने,

ख. गैरसरकारी संस्थाहरुद्वारा सञ्चालित कार्यक्रमहरुको अनुगमन गर्ने,

ग. गैरसरकारी संस्थाहरुद्वारा कार्यक्रम कार्यान्वयन भएका सम्बन्धित स्थानीय तहसँग समन्वय गरी सहजिकरण समितिबाट स्वीकृति प्राप्त गर्दाका वखत तोकिएका शर्तहरु पालना गरे/नगरेको सम्बन्धमा समन्वय गर्ने,र

घ. सम्बन्धित गैरसरकारी संस्थाहरुसँग नियमित रुपमा प्रतिवेदन लिने ।

(२) यस दफा बमोजिम गैरसरकारी संस्थालाई कार्यक्रम सञ्चालन गर्न स्वीकृत प्रदान गर्दा सम्बन्धित गैरसरकारी संस्थामा कुनै सरकारी कोषबाट तलवभत्ता वा अन्य सुविधा लिइरहेको कुनै व्यक्ति कुनै पनि पद वा भूमिकामा कार्यरत भए उक्त संस्थालाई स्वीकृति प्रदान गरिनेछैन।

(६) सहजिकरण समितिले अवलम्बन गर्नुपर्ने प्रकृयाः(१)गैरसरकारी संस्थाले पेश गरेको प्रस्तावउपर सचिवालयले अध्ययन गरी एक विश्लेषणात्मक प्रतिवेदन तयार गर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन तयार गरेपछि सचिवालयले सम्बन्धित गैरसरकारी संस्थाका जिम्मेवार पदाधिकारीलाई उपस्थित गराई कार्यक्रम कार्यान्वयन हुने गाउँपालिकाका प्रतिनिधिसमक्ष कार्यक्रमका बारेमा विस्तृत छलफल गराउनुपर्नेछ। सो छलफलबाट प्राप्त निर्देशनको पालना गर्ने दायित्व सम्बन्धित गैरसरकारी संस्थाको हुनेछ।

(३) सो छलफलबाट सम्बन्धित गाउँपालिकाका प्रतिनिधि र कार्यक्रम सञ्चालन गर्ने गैरसरकारी संस्थाका प्रतिनिधिहरुबीचमा अन्य व्यवस्थाहरुका अतिरिक्त कार्यक्रम कार्यान्वयनको ढाँचा र अनुगमन-मूल्याङ्कन गर्ने पद्धतिबारे लिखित सहमति कायम गराउनुपर्नेछ।

(४) उपदफा (१) देखि (३) सम्ममा प्रकृया पुरा गरेपछि सोको सम्पूर्ण विवरण तयार गरी सचिवालयले जिल्ला गैरसरकारी संस्था सहजिकरण समितिको बैठक आव्हान गर्नुपर्नेछ।

(५) यस दफा बमोजिमका प्रकृया पुर्याउँदा नियमानुसार भुक्तानी गर्न सकिने बैठक भत्ता लगायतका अन्य व्यवस्थापकीय खर्च (जस्तैः हलभाडा, प्रोजेक्टर खर्च, चियानास्ता आदि) सम्बन्धित गैरसरकारी संस्थाबाट व्यहोरिनेछ।

(५)प्राथिमकताको आधारमा स्वीकृति प्रदान गर्नुपर्नेः(१)सहजिकरण समितिले अन्य कुराहरुका अतिरिक्त निम्नलिखित पक्षहरुमा ध्यान पुर्याइ स्वीकृति दिने वा नदिने निर्णय गर्नुपर्नेछः

क. गरिबी निवारणमा पुर्याउन सक्ने योगदान

ख. सचेतना अभिवृद्धिमा हुन सक्ने सकारात्मक भूमिका

ग. क्षमता वा सीप अभिवृद्धिमा आउन सक्ने सम्भावना

घ. सम्बन्धित गाउँपालिकाले निर्दिष्ट गरेका विकासका लक्ष्यहरु परिपूर्ति गर्न पुर्याउन सक्ने योगदान

ङ. नेपाल सरकार तथा प्रदेश सरकारले तोकेका अन्य विषयहरु

(६) समन्वय र सामञ्जस्यता कायम गर्नुपर्नेःजिल्ला गैरसरकारी संस्था सहजिकरण समितिले गैरसरकारी संस्थाहरुबीचमा समेत कार्यक्षेत्रगत एकरुपता कायम गर्न जिल्ला समन्वय कार्यविधि, २०७५ प्रतिकुल नहुने गरी कुनै पालिका र गैरसरकारी संस्थाबीच कार्यगत समन्वय र कार्यक्रमगतसामञ्जस्यता कायम गराउनुपर्नेछ।

(७)जिल्ला समन्वय समितिबाट अनुमोदन गराउनुपर्नेः यस कार्यविधि बमोजिम कार्यक्रम कार्यान्वयन गर्ने गैरसरकारी संस्थाहरुलाई प्रदान गरिएका स्वीकृति वा अस्वीकृतिका निर्णयहरु

जिल्ला समन्वय समितिको बैठकबाट अनुमोदन गराउनुपर्नेछ।यसरी अनुमोदित निर्णयहरु अविलम्ब सम्बन्धित गाउँपालिकामा पठाउनुपर्नेछ।

(८)सम्पर्क व्यक्ति तोक्नुपर्नेःयस कार्यविधिको प्रयोजनको लागि सबै गाउँपालिका तथा सरकारी कार्यालयहरुमा गैरसरकारी संस्थाहरुसँग समन्वय गर्न एकजना अधिकृत कर्मचारीलाई सम्पर्क व्यक्ति तोक्नुपर्नेछ।

(९)प्रतिवेदन पेश गर्नुपर्नेःयस कार्यविधिको अधिनमा रही रसुवा जिल्लाका विभिन्न गाउँपालिकाहरुमा कार्यक्रमहरु सञ्चालन गरिरहेका वा सम्पन्न गरिसकेका गैरसरकारी संस्थाहरुले प्रत्येक वर्ष जिल्ला समन्वय समितिले आयोजना गर्ने वार्षिक समीक्षा गोष्ठिमा आफ्नो प्रगति प्रतिवेदन प्रस्तुत गर्नुपर्नेछ। उक्त प्रतिवेदनमाथि प्राप्त सुझावहरु कार्यान्वयन गर्नु सम्बन्धित गैरसरकारी संस्थाको दायित्व हुनेछ।

(१०) कार्यविधिको पालना गर्नुपर्नेः यो जिल्ला गैरसरकारी संस्था सहजिकरण कार्यविधि, २०७५ को पालना गर्नु जिल्लास्थित सबै सरकारी कार्यालयहरु, गैरसरकारी संस्थाहरु र निजी क्षेत्रको कर्तव्य हुनेछ।

(११) संशोधनः यस कार्यविधिमा उल्लेख गरिएका विषयवस्तुहरु जिल्ला सभाबाट मात्र संशोधन हुनेछन्। कुनै कारणले यस कार्यविधिको कानूनी व्याख्या गर्नुपर्ने अवस्था आएमा नेपालको संविधान तथा अन्य प्रचलित कानून बमोजिम स्थापना गरिएका न्यायिक निकायहरुबाट मात्र गरिनेछ।

(१२) अन्यः यो कार्यविधिमा जे सुकै कुरा लेखिएको भए तापनि संघीय वा प्रार्देशिक कानूनले अन्य व्यवस्था गरेकोमा सोहि अनुरुप नै हुनेछ।